# अपराध इ–बुलेटिन

वर्ष ४, अंक १४
वैशाख – असार,२०७५ (त्रैमासिक)

वस्तुनिष्ठ अपराध अनुसन्धान,
मानवअधिकारको सम्मान

अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय
©सर्वाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा


अपराध अनुसन्धान विभागिय गतिविधि --------------------२

नागरिक सम्बन्धि --------------------------------७

अनुसन्धानको प्राबिधिक तथ्यहरू---------------------------९

प्रहरी सेवा ------------------------------------------ ११

अपराध समाचार ------------------------------------ १२

सामुदायिक प्रहरी गतिविधि ---------------------------१६

अपराध तथ्यांक -------------------------------------- १७

जनचेतना मुलक सन्देश --------------------------------१५

# अपराध अनुसन्धान विभागीय गतिविधि



निरीक्षण भ्रमणका क्रममा गृहसचिव राईले प्रहरी प्रधान कार्यालयको निरीक्षण गर्नुहुदै

## गृहसचिव प्रेमकुमार राईबाट निरीक्षण तथा निर्देशन :

काठमाडौं, १० वैशाख

गृहसचिव प्रेमकुमार राईले समाजमा हुने आतंककारी क्रियाकलाप तथा शान्ति सुरक्षा भंग गर्ने गतिविधि विरुद्ध आक्रामक रुपमा प्रस्तुत भई संलग्न अपराधीहरुलाई पक्राउ तथा कानूनी दायरामा ल्याउन नेपाल प्रहरी तदारुकताका साथ अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

गृहसचिव राईले प्रहरी प्रधान कार्यालयमा निरीक्षण भ्रमण तथा उपस्थित प्रहरी अधिकृतहरुलाई निर्देशन सम्बोधनको क्रममा उक्त कुरा बताउनुभएको हो ।

सीमित साधनस्रोत तथा जनशक्तिका बावजूद पनि नेपाल प्रहरीले शान्ति सुरक्षा कायम गर्न खेलेको भूमिका सराहनीय रहेको चर्चा गर्दै गृहसचिव राईले सुशासनका पक्षमा अत्यन्त गम्भीर भएर नेपाल सरकारले लिएको नीति तथा कार्ययोजना सम्पादन गर्न नेपाल प्रहरीले अझै बढी प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशनसमेत दिनुभयो ।

शान्ति सुरक्षा लगायत लागूऔषध नियन्त्रण, मानव बेचबिखन तथा ओसारपसार, राजश्व चुहावट नियन्त्रण जस्ता आपराधिक गतिविधिमा संलग्नलाई तत्कालै कानुनी दायरामा ल्याउनसमेत प्रहरीले सक्रिय भूमिका

खेल्नुपर्ने कुरामा जोड दिँदै गृहसचिव राईले सूचना संकलनलाई थप विश्वसनीय बनाउँदै लैजान समेत आग्रह गर्नुभयो । नेपाल प्रहरीलाई आवश्यक साधनस्रोत उपलब्ध गराउँदै संगठनको सुदृढीकरणमा नेपाल सर कार तथा गृह मन्त्रालय सदैव प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरीको संस्थागत परिचय दिँदै नेपाल प्रहरीको वर्तमान अवस्था, सुरक्षा व्यवस्थापनमा देखिएका चुनौतीहरु, भौतिक पुर्वाधार र साधनस्रोतको अवस्था लगायत नेपाल प्रहरीको भावी रणनीति सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । नेपाल सरकार तथा गृह मन्त्रालयबाट प्राप्त नीति, कार्ययोजना र निर्देशनलाई पूर्णरुपमा सम्पादन गर्न नेपाल प्रहरी कटिबद्ध रहेको उहाँले बताउनुभयो ।

गृहसचिव राई प्रहरी प्रधान कार्यालय प्रवेश गर्नुहुँदा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, प्रहरी नायव महानिरीक्षकहरू लगायत वरिष्ठ प्रहरी अधिकृतहरूले स्वागत गर्नुभएको थियो भने गृहसचिव राईले सलामी ग्रहण तथा अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुभएको थियो ।

## मानवअधिकार तालिम समापन :

काठमाडौं, २३ जेठ

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, मानवअधिकार शाखाको आयोजनामा संचालित ३ दिवसीय मानवअधिकार तालिम समापन भएको छ ।

उक्त तालिम समापनका अवसरमा आयोजित एक कार्यक्रममा प्रहरी नायब महानिरीक्षक धिरु बस्न्यातले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्दै अपराध अनुसन्धानको सिलसिलामा मानवअधिकारको सम्मानका साथ काम गरी तालिममा सिकेका ज्ञान, सीपलाई कार्यक्षेत्रमा लागु गर्नुपर्ने बताउनुभयो ।

तालिम संयोजक प्रहरी नायब उपरीक्षक



प्रशिक्षार्थीहरु संग प्र.ना.मा.नि. धिरु बस्न्यात ज्यु

गंगा पन्तले तालिम सम्वन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा प्रहरी नायव उपरीक्षक डम्मरबहादुर के.सी.ले प्रशिक्षार्थीहरूको तर्फबाट मन्तव्य ब्यक्त गर्नुभएको थियो ।

उक्त तालिममा प्रहरी नायब उपरीक्षक १, प्रहरी निरीक्षक ९, प्रहरी नायब निरीक्षक ८ र प्रहरी सहायक निरीक्षक १७ गरी कूल ३५ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो ।

## प्रहरी महानिरीक्षक खनालबाट टोल-टोलमा प्रहरी अभियान कार्यक्रमको शुभारम्भः

काठमाडौं,२ असार

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल सरकार गृह मन्त्रालयको गृह प्रशासन सुधार कार्ययोजना २०७४ बुँदा नम्बर ३७, एवं प्रहरी महानिरीक्षकका प्राथमिकताहरूको बुँदा नम्बर ६ मा समावेश भएको नागरिक मैत्री प्रहरीको रुपमा छवि विस्तारमा तिव्रता ल्याउन टोल-टोलमा प्रहरी अभियान कार्यक्रमको नेपाल पुलिस क्लव भृकुटी मण्डपमा आयोजित विशेष समारोहबीच शुभारम्भ गर्नुभयो ।

प्रहरी महानिरीक्षक खनालले टोल-टोलमा प्रहरी अभियान कार्यक्रम हरेक नागरिकको मन-मनमा प्रहरी बस्नुपर्छ भन्ने हो भन्नुहुदै सर्वसाधारणले प्रहरी हाम्रो लागि हो भनेर अनुभुत गर्न समाजका हरेक टोल-टोलमा प्रहरी पुग्नुपर्नेमा जोड दिनुभयो ।

टोल-टोलमा खटिने प्रहरीले अपराध र अपराधीसंग कुनै सम्झौता नगरी नागरिक समाजप्रति प्रहरीको विश्वास बढाउदै लगिने समेत प्रहरी महानिरीक्षक खनालले बताउनुभयो ।

कार्यक्रममा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक डा.गोविन्द प्रसाद थापाले जनताको मनमनमा प्रहरी छ साथी भन्ने भावनाको विकास हुनुपर्नेमा जोडदिनुभयो ।

कार्यक्रममा गृह मन्त्रालयका सह-सचिव रामकृष्ण सुवेदीले अभियान सफल बनाउन प्रहरीले सीमित स्रोत साधनको अधिकतम उपयोग गरी नागरिक समाजसँग मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

समारोहमा प्रहरी नायव महानिरीक्षक मनोज नेउपानेले स्वागत मन्तव्य व्यक्त तथा प्रहरी नायव महानिरीक्षक धिरु बस्न्यातले धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

सो अवसरमा प्रहरी नायब महानिरीक्षकहरु, प्रहरी वरिष्ठ अधिकृतहरु, सामुदायिक सेवा केन्द्रका अध्यक्षहरु, संचार कर्मीहरु, नागरिक समाजका प्रतिनिधिहरु लगायत प्रहरी अधिकृत तथा जवानको सहभागिता रहेको थियो ।



प्रहरी महानिरीक्षक खनाल टोलटोलमा प्रहरी अभियान कार्यक्रमको उदघाटन गर्नुहुदै।




प्रहरी महानिरीक्षक खनाल टोलटोलमा प्रहरी अभियान कार्यक्रममा मन्तव्य दिनुहुदै।

## लागूऔषध दुर्व्यसनी तथा ओसार पसार न्युनिकरण एवं निर्मूलन अभियान कार्यक्रम सम्पन्न :

काठमाडौं,२ असार

अन्तर्राष्ट्रिय लागूऔषध दिवसको अवसरमा सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र ईचङगुनारायण, महानगरीय प्रहरी वृत स्वयम्भु तथा नागार्जुन नगरपालिका-२ को संयुक्त आयोजनामा लागूऔषध दुर्व्यसनी तथा ओसारपसार न्युनिकरण एवं निर्मूलन अभियान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा ३ नम्बर प्रदेश सभाका सदस्य माननीय प्रकाश श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्मा, प्रहरी वरिष्ठ उपरीक्षक रामकृपाल साह ,नागार्जुन नगरपालिकाका प्रमुख मोहन बस्नेत लगायतका महानुभावहरुले लागूऔषध दुर्व्यसनी तथा बेचबिखनको निर्मुल पार्न नागरिक समाज ,अभिभावक तथा प्रहरीले खेल्ने भूमिका प्रति आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

ईचङगुनारायण सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रताप दानीको सभापतित्व सम्पन्न कार्यक्रममा कलाकारद्धारा लागूऔषध सम्बन्धी नाटक प्रर्दशन समेत गरिएको थियो ।

कार्यक्रममा बिद्यार्थी, अभिभावक, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले चेतनामूलक ब्यानर तथा प्लेकार्ड सहित नागार्जुन नगरपालिकाको विभिन्न स्थानमा र्यालीसहित परिक्रमा गरेका थिए ।

## प्रहरी महानिरीक्षक खनालबाट संचार साधन हस्तान्तरण:

काठमाडौं, १ जेठ

प्रहरी माहानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी प्रधान कार्यालय विपद व्यवस्थापन महाशाखा, महानगरीय प्रहरी कार्यालय रानीपोखरी, सातवटै प्रदेश प्रहरी कार्यालयहरू र महानगरीय प्रहरी परिसरहरू काठमाडौं, ललितपुर, भक्तपुरका लागि संचार साधन तथा अन्य सहायक समाग्रीहरु प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले संकचारको सहयोग बिना समयमै सूचना प्राप्त गर्न र वास्तविक अवस्थाको आँकलन गर्न कठीन हुने भएकोले प्रहरी काम कारबाहीलाई चुस्त संचालन गर्न संचार महत्वपूर्ण रहेको बताउनुभयो । अपराध अनुसन्धानलाई वैज्ञानिक र प्रमाणमुखी बनाउन संचार साधनको मुख्य भूमिका रहने चर्चा गर्दै उहाँले प्राप्त स्रोत साधनलाई व्यावसायिक रुपमा उच्चतम प्रयोग गर्न निर्देशनसमेत दिनुभयो ।

उक्त अवसरमा हस्तान्तरण गरिएका संचार साधनहरूमा विशिष्ट व्यक्तिहरुको सुरक्षार्थ प्रयोग गर्ने युएचएफ मोटोरोला हेण्डसेट, भिएचएफ मोटोरोला हेण्डसेट, रिपिटर, एचएफ सेट, सोलार प्यानल, डक्युमेन्ट स्क्यानर मेसिन, बाह्रभोल्टका सेकेण्डरी ब्याट्री, एन्टेना टावर, स्याटलाइट फोनका सिम र रिचार्ज कार्ड रहेका छन् ।

उक्त अवसरमा स्वागत मन्तव्य तथा संचार साधन वितरण सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्दै संचार निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक डा. राजिव सुब्बाले प्रहरी मानवस्रोतलाई प्रविधियुक्त बनाउने योजना अनुरुप संचार साधन वितरण गरिएको उल्लेख गर्नुभयो ।

उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखेल, प्रहरी नायब महानिरीक्षकहरू, प्रहरी वरिष्ठ उपरीक्षकहरू लगायतका प्रहरी अधिकृतहरूको समेत उपस्थिति रहेको थियो ।

## नागरिक सम्बन्धी

# खोजतलास एवं समन्वय

देश भरी हराएका मानिसहरुको वैशाख महिना देखि असार महिनासम्मको विवरण –

| विवरण | पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| हराएका | ७३६ | १०५४ | २५८ | ४६४ | २५१२ |
| फेला परेका | १५७ | २७४ | ८३ | १४० | ६५४ |

पहिचान हुन नसकेका लाशहरुको विवरण –

| | पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|---|
| | ८२ | २४ | १ | १ | १ | १०९ |
| सनाखत भएका | ६ | २ | – | – | – | ८ |

# विदेशी नागरिक

| सि.नं. | बिबरण | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदेशी नागरिकको मृत्यु | ९ | ८ | १ | १८ |
| २ | विदेशी नागरिकको पक्राउ | १२ | ७ | १ | २० |
| ३ | हराएका बिदेशी नागरिकहरु ( खोजतलास भइरहेको ) | – | – | – | – |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विबरण | १२,५७२ | १२,५५१ | ७,०४७ | ३२,१७० |
| ५ | विदेशी नागरिकको यस कार्यालयमा रहेको अपराधिक अभिलेख जाच गरि पठाईएको बिबरण | २ | ८ | १ | ११ |

# बालबालिका खोजतलास

देश भरी हराएका तथा फेला परेका बालबालिकाको वैशाख १ गते देखि असार मसान्त  सम्मको  विवरण :

| प्रदेश | | जम्मा हराएका | | | हराएका मध्ये फेला परेका | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| प्रदेश नं. १ | ३२ | ५२ | ८४ | ५ | ८ | १३ |
| प्रदेश नं. २ | २६ | ८१ | १०७ | ९ | १७ | २६ |
| प्रदेश नं. ३ उपत्यका | ३७ | १५ | ५२ | २० | ६ | २६ |
| उपत्यका बाहेक | २९ | ८२ | १११ | १२ | ३१ | ४३ |
| प्रदेश नं. ४ (गण्डकी प्रदेश) | २५ | ७६ | १०१ | ९ | ३३ | ४२ |
| प्रदेश नं. ५ | ४४ | ८५ | १२९ | ९ | ३८ | ४७ |
| प्रदेश नं. ६ (कर्णाली प्रदेश) | ३० | ३६ | ६६ | ६ | २० | २६ |
| प्रदेश नं. ७ | ३४ | ३७ | ७१ | ९ | ९ | १८ |
| जम्मा | २५७ | ४६४ | ७२१ | ७९ | १६२ | २४१ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७५ साल वैशाख महिना देखि असार महिना सम्म १२९ पुरुष र १२ महिला गरि जम्मा १४१ जनाको टेष्ट गरेकोमा, झुठ बोलेको संकेत ७९, झुठ नबोलेको संकेत ५२, राय दिन नसकने ३, परिक्षण स्वीकृती प्रदान नगरेको ७, अनुसन्धानमा सघाउ संख्या ९९ र स्वीकार गरेको ३ वटा घटना छन।

## Call Detail Record

मिति २०७५ वैशाख महिना देखि असार महिना सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :–

अपराध अनुसन्धानको सिलसिलामा उपत्यका बाहेकका ७४ वटा जिल्ला स्थित प्रहरी कार्यालयहरु बाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसार को संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।

| | |
|---|---|
| वैशाख | ६९५७ |
| जेष्ठ | ९८१७ |
| असार | ८६१३ |

# Digital Forensic Lab बाट परीक्षण गरिएको सबुदहरुको तथ्याङ्क

प्रहरी प्रधान कार्यालय Digital Forensic Labले २०७५ वैशाख १ गते देखि असार मसान्त सम्मको निम्न मुद्दाशिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परीक्षण गरी परीक्षण रिपोर्ट तथा सबुदहरु सम्बन्धित कार्यालयमा पठाईसकिएको ।

| सिं.नं. | मुद्दा शीर्षक | संख्या |
|---|---|---|
| १ | चोरि | ३ |
| २ | जवरजस्ती करणी | ४ |
| ३ | विधुतीय कसूर | २९ |
| ४ | कर्तब्य ज्यान | १३ |
| ५ | मानव बेचबिखन तथा ओसारपसार | ५ |
| ६ | ठगी | ३९ |
| ७ | संगठित अपराध | ३ |
| ८ | सरकारी छाप दस्तखत किर्ते | ४ |
| ९ | नखुलेको | ३ |
| १० | अपहरण तथा शरिर बन्धक मुद्दा | १ |
| ११ | ला.औ. सेवन तथा ओ.प. कारोबार | १ |
| १२ | बैकिङग कसुर | १ |
| १३ | VOIP | ३ |
| १४ | बन्यजन्तु खरिद बिक्री | ४ |
| १५ | अवैध हा.ह. तथा खरखजना | १ |
| १६ | प्राचिन स्मारिका संरक्षण ऐन | १ |
| १७ | जुवा | ३ |
| १८ | भवितव्य ज्यान | ५ |
| १९ | बालयौन दुराचार | १ |
| २० | सवारी दुर्घटना | ४ |
| | जम्मा | १२८ |

यस ल्याबमा परीक्षण गरिएका सबुदहरुको विवरण यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| 1 | Sim card | २१९ | |
| 2 | Memory card | ४६ | Hard Drive |
| 3 | Laptop | २९ | Hard Drive |
| 4 | CPU | ८० | |
| 5 | Mobile | १८७ | |
| 6 | Pendrive | १५ | |
| 7 | Camera | १ | |
| 8 | Pen camera | १ | |
| 9 | DVD | ९ | |
| | total | ५८७ | |

# प्रहरी सेवा

## फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धी पाक्षीक विवरण सङ्कलन गरी विष्लेषण गर्ने कार्य भईरहेको छ। जस अनुसार वैशाख, जेष्ठ र असार सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धी प्रगति विवरण निम्न अनुसार रहेको छ।

| | पक्राउ संख्या | जरिवाना | कैद |
|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | ५५० जना | रु. ३,१२,३४,२३९ | ४५५वर्ष १२ महिना ५६ दिन |
| (५५० जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | २३२जना | रु. ४,५२,३८,२९९ | २१८ वर्ष ९ महिना ७३दिन |
| (२३२ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| केन्द्रीय अनुसन्धान ब्युरो | १३ जना | रु. १,९४,९८,४७५ | ७६ वर्ष |
| (१३ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| जम्मा | ७९५ जना | रु. ९,५९,७१,०१३ | ७४९वर्ष २१महिना १२९दिन |
| (७९५ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |

## चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी

| सि.नं. | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारित्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ५०४६६ | प्रमाण–पत्र बितण संख्या :–५०२७५ |
| २ | विदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ३६६८ | वितरण संख्या :– ३६६८ |
| ३ | राजदुतावासको दर्ता संख्या :– १७ | वितरण संख्या :– १७ |
| ४ | विदेशी नागरिकको दर्ता संख्या :– २१५ | वितरण संख्या :– २१५ |
| ५ | विभिन्न संघ संस्था तथा गृह मन्त्रालयको दर्ता :– २२५८ | वितरण संख्या :– २२५८ |
| ६ | प्रदेश–७ बाट दर्ता संख्या :– १९९१ | वितरण संख्या :– १९९१ |
| ७ | ईमेल मार्फत दर्ता संख्या :– ५३६ | वितरण संख्या :– ५३६ |
| | जम्मा दर्ता संख्या :– ५९१५१ | बितण संख्या :– ५८९६० |

| सि.नं. | Description | वैशाख | जेष्ठ | असार |
|---|---|---|---|---|
| 1 | New Data Entry | 3940 | 3589 | 3922 |
| 2 | 10 No Diary Data Entry | 3223 | 3387 | 3863 |
| 3 | Judicial Report Entry | 2511 | 2326 | 1712 |
| 4 | Police Report Check-PRC | 17470 | 20746 | 19073 |
| 5 | Others -PRC | 1071 | 955 | 642 |
| 6 | Suspect | 295 | 372 | 362 |
| | Total | 28510 | 31375 | 29574 |

# अपराध समाचार

## प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो

### बाघको छाला सहित पक्राउ :

मकवानपुर, २४ वैशाख

बाग्मती गाउपालिका-३ जरायोटार बस्ने २७ वर्षीय चेतबहादुर वाईबालाई बाघको छाला १ थान र बाघको हड्डी करीब ९ के.जी. सहित प्रहरीले पक्राउ गरेको छ। सोही गाउपालिकाको लम्कना भन्ने स्थानमा पैदल हिंडिरहेको अवस्थामा केन्द्रीय अनुसन्धान ब्युरो काठमाडौं बाट खटिएको प्रहरी टोलीले उनलाई उक्त छाला सहित फेलापारी पक्राउ गरेको हो।

### अबैध अन्तराष्ट्रिय कल बाईपास गर्नेहरू पक्राउ :

काठमाडौं, २५ वैशाख

काठमाडौं महानरपालिका ९ स्थित स्टार गेज होटेलको कोठा नम्बर ३०४ र काठमाडौं कागेश्वरी मनहरा ७ शान्तिदीप टोलस्थित भोलाराज गौतमको घरमा अवैध भि.ओ.आइ.पि. संचालन गर्न प्रयोग हुने विभिन्न उपकरणहरु सहित २ जनालाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटी गएको टोलीले पक्राउ गरेको छ, पक्राउ प्रतिवादीहरुमा भारत मध्ये प्रदेशका २४ वर्षीय विवेक शुक्लार सिन्धुली सुनकोशी गाउपालिका ६ का २५ वर्षीय लालबहादुर मगराती रहेका छन् ।

### पुरातात्विक महत्वको ऐतिहासिक बुद्ध धर्मग्रन्थ सहित पक्राउ :

काठमाडौं, २८ वैशाख

पुरातात्विक महत्वको ऐतिहासिकबुद्ध धर्मग्रन्थसहित ललितपुर महानगरपालिका १५ सातदाबाटो ताल्सीखेल स्थित सडकबाट ५ जनालाई केन्द्रीय अनुसन्धानब्यूरो को प्रहरीले बिहीबार पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौंको स्वयम्भू बस्दै आएका भारत सिक्किम ग्यान्टोकका ३० वर्षीय किप्पा भुटिया, ललितपुर सातदोबाटो बस्दै आएका दोलखा खेदाका ५७ वर्षीय घ्याम्छो लामा, रसुवाको वेत्रावती बस्दै आएका बााके कोहलपुर-६ का ३२ वर्षीय जयराज आचार्य, कैलाली टीकापुर १ का ३० वर्षीय प्रविणकुमार शाह र झापा बिर्तामोड ८ का ३२ वर्षीय पुष्कर मैनाली शर्मा रहेका छन् ।

पुरातात्विक महत्वका ऐतिहासिक धर्मग्रन्थहरू उच्च मूल्यदर राखी कानून विपरित बिक्री वितरण भइरहेको छ भन्ने विशेष सूचनाको आधारमा सो ब्यूरोबाट खटिएको प्रहरीले निग्रानी तथा खोजतलास गर्दै जाने क्रममा बिक्रीको लागि लैजान लागे को अवस्थामा प्राचीन हस्तलिखित ग्याथम्पा नामक २ सय २८ पानाको १ थान बौद्ध धर्मग्रन्थ सहित उनीहरूलाई पक्राउ गरेको हो। सुन तथा चादीबाट लेखेको बुझिएको उक्त बुद्ध धर्मग्रन्थ करिब ३ वा ४ सय बर्ष पुरानो भनी १० करोड रुपैया मुल्यमा बिक्री गर्न लागेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

निजहरुलाई प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसारको कसुरमा ललितपुर जिल्ला अदालतबाट म्याद थप समेत भई थप आवश्यक अनुसन्धान कार्य भइरहेको सो ब्यूरोले जनाएको छ ।

### वैदेशिक रोजगार ठगी मुद्दाका फरार प्रतिवादी पक्राउ:

काठमाडौं, ६ जेठ

वैदेशिक रोजगार न्यायाधिकरणको २०७० असार ३ गतेको फैसलाले १

बर्ष ६ महिना कैद र १ लाख ५० हजार जरीवाना हुने ठहर भएकोमा उक्त सजाय बेरुजु रही फरार रहेकी महोत्तरी र ामनगर बस्ने ३१ बर्षीया आरती गिरीलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले कमलपोखरी काठमाडौंबाट पक्राउ गरेको छ। गिरीलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरेको मा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय जगन्नाथदेवल पठाइएको छ । गिरीले वैदेशिक रोजगारीका लागि ६ महिना भित्र इजरायल पठाईदिन्छु भनी २०६८ मंसिर २८ गते जाहेरवालाहरु पदम सुन्दरी श्रेष्ठबाट ३ लाख ३० हजार र गिता श्रेष्ठबाट १ लाख ५५ हजार रुपैयाा उठाई वैदेशिक रोजगारीमा नपठाई फरार भएकी थिइन् ।

बैकिङ कसुरका अभियुक्त पक्राउ :

काठमाडौं, १५ असार

सामुदायिक लघुवित्त वित्तीय संस्था सागा, काभ्रेको संचालक समिति र तत्कालिन प्रमुख कार्यकारी अधिकृत समेतको मिलेमतोमा नियम बिपरीत निर्णय गराई रकम प्रबाह गरी वित्तिय संस्थालाई २ करोड ५० लाख भन्दा बढी हानी सि इ ओ लगायत चार जनालाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा संचालक समितिको अध्यक्ष पाल्पा तानसेन नगरपालिका-४ भई हाल टोखा नगरपालिका-९ गोंगबु बस्ने ५७ वर्षीय हिरा बिश्वकर्मा, संचालक समितिका सदस्यहरु काठमाडौं महानगरपालिका-२२ खिचापोखरी बस्ने ६५ वर्षीय चण्डेश्वरी प्रधान, ललितपुर गोदावरी नगरपालिका-१२ ठेचो बस्ने ५१ वर्षीय बटुकृष्ण कार्की र तत्कालिन सिइओ ललितपुर उपमहानगरपालिका-१४ खुमलटार बस्ने ६५ वर्षीय स्वयम्भु राम जोशी रहेका छन् । उनीहरुलाई उच्च अदालत पाटनबाट ७ दिनको म्याद लिई बैंकिङ कसूर तथा सजाय ऐन २०६४ बमोजिम अनुसन्धान भईरहेको केन्द्रीय अनुसन्धान व्यूरोले जनाएको छ ।

## महानगरीय प्रहरी

सुन सहित पक्राउ :

काठमाडौं, १ वैशाख

फ्लाई दुबईको उडानद्वारा दुबईबाट काठमाडौ आएका भारतीय नागरिक राहदानी नम्वर आर ४१५३०७४ बाहक २० बर्षीय राकेश पडगेला र राहदानी नम्बर पि ६८९६३१५ बाहक २७ बर्षीय सनतोष गौड कुन्डलवर लाई प्रहरीले शुक्रबार भंसार छली ल्याएको करीव १ करोड ४१ लाख ९३ हजार ६ सय रुपैयाँ मुल्य बराबरको २ के.जी. ८ सय ३० ग्राम सुन सहित पक्राउ गरेको छ ।

त्रिभुव अन्तर्राष्ट्रिय बिमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको आगमन गेटमा प्रहरीले चेक गर्दा दुवैजनाले जुत्ता भित्र लुकाई ल्याएको अवस्थामा उक्त सुन बरामद भएको थियो ।

बरामद सु र उनीहरुलाई प्रहरीले आवश्यक कारवाहीको लागि त्रिभुवन बिमानस्थल भन्सार कार्यालय सिनामंगलमा पठाएको छ ।

नक्कली पेस्तोल देखाई गुण्डागर्दी गर्ने पक्राउः

काठमाडौं, २६ वैशाख

टोखा नगरपालिका ९ गणेशस्थान बाट तारकेश्वर नगरपालिका १३ बस्ने ३२वर्षीय सुदिप गुरुङलाई नक्कली पेस्तोल १ थान सहित सोमबार प्रहरीले पक्राउ गरेको छ ।

गुरुङले काठमाडौंको नयाँबसपार्क, सामाखुसी,बसुन्धारा क्षेत्रमा सर्वसाधारण, व्यापारीतथा होटल व्यबसायीलाई पेस्तोल देखाई डरत्रासधाक धम्की दिँदै रकम माग गर्ने तथा होटल रेष्टुरेण्टहरुमा खाएको पैसा समेत नतिरी हिँड्ने गरेको सूचनाको आधार मा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

बाघको छाला सहित पक्राउ :

काठमाडौं, १४ जेठ

काठमाडौं महानगरपालिका ६ सुनधारा डेरा गरी बस्ने बैतडी दशरथचन्द नगरपालिका ६ का २७ वर्षीय श्याम कार्कीसमेत ४ जनालाई बाघको छालासहित सोमबार प्रहरीले पक्राउ गरे को छ ।

उक्त ठाउँमा बाघको छाला विक्री वितरणभएको भन्ने गोप्य सूचनाको आधारमा महानगरिय प्रहरी प्रभाग कपन र महानगरीय अपराध शाखा बौद्धबाट खटिई गएको प्रहरीले कार्कीको कोठामा तलासी लिँदा बाघको छाला वरामद गरी उनीहरूलाई नियन्त्रणमा लिएको हो।

गैंडाको खाग सहित पक्राउः

काठमाडौं, २६ असार

ओखलढुङ्गा मोलङ्ग गाँउपालिका २ घर भई काठमाडौं बस्ने २२ वर्षीय टेकराज बयलकोटी र गुल्मी धुरकोट गाँउपालिका २ घर भई हाल काठमाडौ बस्ने २८ वर्षीय सुमन खत्रीलाई गैंडाको खाग जस्तो देखिने बस्तु सहित सोमबार प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका ४ सुकेधार ास्थित दियो रेष्टुरेन्टमा शंकास्पद रुपमा बसिरहे को अवस्थामा प्रहरीले जाँच गर्दा झोलामा उक्त वस्तु फेला परेको थियो ।

# प्रदेश नं.१

हतियार सहित पक्राउ :

ताप्लेजुङ, २० वैशाख

सिदिङवा गाउँपालिका ४ बस्ने ६६ वर्षीय पदम बहादुर कटुवाल लाई १ थान भरुवा बन्दुक र जंगली जनावर घोरलको टाउको र मासु सहित बुधबार प्रहरीले पक्राउ गरेकोछ।

कटुवालले सोही ठाउँको जंगलमा जंगली जनावर घोरल सिकार गरी घरमा राखेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय तेल्कोक बाट खटिएको प्रहरी टोलीले उक्त हतियार र घोर लको अंग र मासु बरामद गरी कटुवाललाई प्रकाउ गरेको हो।

लागूऔषध सहित पक्राउ :

सुनसरी, २२ जेठ

धरान उपमहानगरपालिका ३ बस्ने २९ बर्षीय सुरज साह र सोही उपमहानगरपालिका १५ बस्ने २४ बर्षीय सिंहराज कार्कीलाई सोही उपमहानगरपालिका १५ स्थित महादेब चोकबाट लागूऔषध एभिल ४७ एम्पुल, डाइजेपाम ४५ एम्पुल, लुपिजेसिक १४ एम्पुल र कुपिजेसिक ३२ एम्पुल सहित प्रहरीले मंगलबार पक्राउ गरेको छ ।

# प्रदेश नं.२

रौतहटमा प्रहरी र भारतीय डाँकाबीच भिडन्त, १ जनाको मृत्युः

रौतहट, १५ असार

जिल्लास्थित प्रहरी गस्ती टोली र भारतीय आपराधिक समूहबीच दोहोरो गोली हानाहान हुँदा एक भारतीय अपराधीको मृत्यु भएको छ । स्थानीय राजदेवी नगरपालिका ४, गडहिया डुमरिया नजिक बागमती नदीको बाँधमा राति ११ बजे प्रहरी टोली र भारतीय आपराधिक समूहबीच दोहोरो गोली हानाहान भएको हो । दोहोरो भिडन्तमा प्रहरीको गोली लागेर एकजना २५ वर्षीय भारतीय अपराधीको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको सनाखत हुन सकेको छैन । प्रहरीको गोली लागेर घाइतेभएका निजलाई उपचारका लागि जिल्ला अस्पताल गौरमा लैजाँदा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राम कुमार दानीले बताए । घटनास्थलबाट प्रहरीले एकथान स्वचालित हतियार एसएमजी, चार थान गोली, म्यागजीन एक थान र पडकेको खोकासमेत बरामद गरेको प्रहरी नायब उपरीक्षक दानीले जानकारी दिए । पछिलोकेही दिनदेखि बागमती नदी किनारको भारतीय सिमानासँग जोडिएको उक्त क्षेत्रमा भारतीय अपराधीको चलखेल बढेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट सो ठाँउमा प्रहरीको बिशेष टोली गएको थियो। भारतीय नम्बरप्लेटको मोटरसाइकलमा आएका तीनजना अपराधीलाई प्रहरीले चेकजाँच गर्न खोज्दा पछाडि बसेका अपराधीले अचानक सएमजीबाट फायर खोलेको प्रहरी निरीक्षक मनोज यादवले

बताए। प्रहरीको जवाफी कारबाहीमा एकजना अपराधी हतियारसहित मोटरसाइकलबाट तल ढलेको र अन्य दुईजना अपराधी बाँधको बाटो हुँदै भारततर्फ भागेको यादवले जानकारी गराए ।

## प्रदेश नं.३

लागु औषध सहित २ जना नियन्त्रणमा :

काभ्रे ८ असार

धूलिखेल नगरपालिका ११ पात्लेखेत स्थित जिल्ला ईलाम प्याङग गाउँपालिका ८ बस्ने बर्ष ३३ को दुण्डुप छिरिङ सेर्पा र जिल्ला मोरङ लालभित्ति कुसुमेरा बस्ने बर्ष २७ को बिशाल तामाङको साथबाट लागु औषध डाईजेपाम १३, फेनरागन १३ र बुपेनोर्फिन १३ एम्पुल सहित स्थानिय मानिसहरुले नियन्त्रणमा लिएको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी पोष्ट काभ्रे भन्ज्याङबाट प्रहरी टोलि खटिई निजहरुलाई नियन्त्रणंमा लिई आवश्यक अनुसन्धान भैरहेको छ ।

## प्रदेश नं. ४

हतियार सहित पक्राउ :

कपिलवस्तु , १७ असार

कपिलबस्तु नगरपालिका ११ जहदी बस्ने ३२ वर्षीय मन्नु भन्ने मतेश्वर अहिर र सोही स्थान बस्ने १९ वर्षीय नन्द किशोर यादबलाई रिभल्बर १ थान सहित प्रहरीले शनिबार पक्राउ गरेको छ । कपिलबस्तु नगरपालिका ११ जहदी स्थित तौलिहवा सडक खण्डमा तौलिहवाबाट जहदीतर्फ जाँदै गरेको लु २३ प ८८३ नम्बरको मोटरसाइकललाई चेक जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार मतेश्वरको साथबाट उक्त हतियार फेला पारी चालक नन्द किशोर यादबलाई समेत प्रहरीले नियन्त्रणमा लिएको हो ।

## प्रदेश नं. ५

कटुवा पेस्तोल र गोली सहित पक्राउ :

बाँके, ३ बैशाख

जानकी गाउँपालिका-४ बस्ने ३६ बर्षीय प्रमोद कुमार चमारलाई प्रहरीले कटुवा पेस्तोल १ थान र सोको गोली ३ राउण्ड सहित पक्राउ गरेको छ ।

चमारले भे. ३ प ४३४ नम्बरको मोटरसाइकलमा हतियार ल्याउँदै गरेको सूचना प्राप्त हुनासाथ संघीय प्रहरी ईकाई कार्यालय नेपालगन्जबाट खटिएको प्रहरी टोलीले नेपालगंज उपमहानगरपालिका-२० मनकामना ग्याँस उधोग नजिकबाट उनलाई चेक गर्दा उक्त कटुवा पेस्तोल र गोली बरामद भएको थियो ।

## प्रदेश नं. ६

जवरजस्ती करणी गरेको अभियोगमा पक्राउ :

रुकुम, ८ जेठ

जवरजस्ती करणी गरेको अभियोगमा त्रिवेणीगाउँपालिका ५ जगरबोट बस्ने ५१बर्षी यहरि प्रसाद नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । नेपालीले सोही ठाउँबस्ने २५ बर्षीया मानसिक सन्तुलन ठिक नभएकी महिलालाई जवरजस्ती करणी गरेको बताइएको छ।

## प्रदेश नं. ७

भालुको पित्त सहित पक्राउ :

दार्चुला, २५ असार

व्यास गाउपालिका ६ पन्तोली बस्ने ३६ वर्षीय मानसिंह धामी र हुम्ला डाडाफाई घर भएका २६ वर्षीय रेकश शाहीलाई भालुको पित्त सहित सोमबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट गस्तीमा खटिएको प्रहरी टोलीले महाकाली नगरपालिका ४ बाङ्गबगडामा पैदल हिडिरहेका धामीलाई शंका लागि चेक गर्दा झोला भित्र टेपले बाधे को अवस्थामा ६ थानमा रहेको ८ सय ९६ ग्राम भालुको पित्त बरामद भएको थियो ।

# सामुदायिक प्रहरी गतिविधि




प्र.व.उ. दिलिप वहादुर बस्नेत

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू

| सि.नं. | क्रियाकलाप | वैशाख | जेष्ठ | अषाढ |
|---|---|---|---|---|
| १ | अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप | ४४० | २७३ | ३३७ |
| २ | जनचेतनामुलक क्रियाकलाप | ३४२ | २१० | ३३१ |
| ३ | सामाजिक क्रियाकलाप | १२८ | ८९ | १२१ |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | ९३ | ७६ | १७६ |
| ५ | लागुऔषध विरुद्धको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएको | १७ | १८ | ८७ |
| ६ | लैंगिक तथा घरेलु हिंसा विरुध्दको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएका | ११ | १ | १२ |
| ७ | विविध | १०५ | २७ | १४१ |
| ८ | कुल जम्मा | ११३६ | ६९४ | १२०५ |

## प्रहरी मेरो साथी

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका प्रहरी मेरो साथी कार्यक्रमहरू

| सि.नं. | कार्यालय | वैशाख | जेष्ठ | अषाढ |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय रानीपोखरी | ५२ | ३८ | ५९ |
| २ | प्रदेश नं.१ | २९ | ४३ | ४२ |
| ३ | प्रदेश नं.२ | ५ | ४ | २२ |
| ४ | प्रदेश नं.३ | ५ | २३ | ३७ |
| ५ | प्रदेश नं.४ | ४८ | २० | २४ |
| ६ | प्रदेश नं.५ | ११ | ४ | १३ |
| ७ | प्रदेश नं.६ | ३२ | २५ | २९ |
| ८ | प्रदेश नं.७ | ४१ | २० | २१ |
| | कुल जम्मा | २२३ | १७७ | २४७ |

# अपराध तथ्यांक

## २०७५ वैशाख महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७१ | ९८ | ७९ | ७८ | ५४ | १२७ | २६ | ३० | ५६३ |
| आत्महत्या सम्बन्धी | ० | ३७ | १०६ | ४८ | ७२ | ५६ | १२० | २५ | ३९ | ५०३ |
| चोरी सम्बन्धी | ० | ४३ | २६ | २४ | ११ | ८ | २१ | २ | ७ | १४२ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | ३ | १०० | ६६ | ६३ | ३७ | ३५ | ७७ | ११ | २२ | ४१४ |
| सामाजिक अपराध | ० | ४२० | २३२ | १७३ | १३६ | १६३ | १२४ | ३४ | ६३ | १३४५ |
| महिला तथा बालबालिका सम्बन्धी | १ | ३५ | ८३ | ४५ | ४२ | २९ | ६४ | १७ | २२ | ३३८ |
| सवारी सम्बन्धी | ० | ९ | ३५ | ५८ | ३६ | १८ | ४९ | ३ | १४ | २२२ |
| विविध | १ | ५० | ४३ | ११ | ८ | १ | १४ | ९ | १० | १४७ |
| कुल जम्मा | ५ | ७६५ | ६८९ | ५०१ | ४२० | ३६४ | ५९६ | १२७ | २०७ | ३६७४ |

## २०७५ जेष्ठ महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | १ | ५८ | ११० | ६७ | ९१ | ५९ | ९३ | ३४ | ४६ | ५५९ |
| आत्महत्या सम्बन्धी | ० | २९ | १०७ | ६३ | ६६ | ५० | १०८ | १९ | ४६ | ४८८ |
| चोरी सम्बन्धी | ० | ३१ | ३१ | २४ | ६ | २२ | २४ | ० | ७ | १४५ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | ५ | १४४ | १२० | ७१ | ५४ | ५२ | ७५ | १४ | १८ | ५५३ |
| सामाजिक अपराध | ० | ४६१ | ३११ | २६० | १८८ | १५९ | १४५ | ३६ | ७१ | १६३१ |
| महिला तथा बालबालिका सम्बन्धी | ६ | ३६ | १०२ | ४० | ४६ | ३७ | ६८ | २० | ३२ | ३८७ |
| सवारी सम्बन्धी | ० | १८ | ३६ | ३६ | २३ | १७ | ४२ | ७ | १७ | १९६ |
| विविध | ४ | ७२ | २९ | १४ | १ | १ | १९ | ४ | १० | १५४ |
| कुल जम्मा | १६ | ८४९ | ८४६ | ५७५ | ४७५ | ३९७ | ५७४ | १३४ | २४७ | ४११३ |

## २०७५ असार महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | १२१ | १८३ | १३२ | ९७ | ५३ | १८१ | ४१ | ५० | ८५८ |
| आत्महत्या सम्बन्धी | ० | ५६ | १४३ | ९७ | ८६ | ४९ | १३७ | ३६ | ४४ | ६४८ |
| चोरी सम्बन्धी | ० | ५२ | ३६ | ४० | १० | १० | २३ | ३ | ८ | १८२ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | ७ | १०६ | १०६ | ७० | ३० | ४६ | ८९ | १६ | २२ | ४९२ |
| सामाजिक अपराध | ० | ५०९ | २८१ | १८५ | १६५ | १३६ | १२९ | ३५ | ४९ | १४८९ |
| महिला तथा बालबालिका सम्बन्धी | ३ | ४८ | ८९ | ४६ | ५६ | २० | ६६ | २५ | ४१ | ३९४ |
| सवारी सम्बन्धी | ० | २६ | २७ | ४९ | २६ | २० | ४० | ७ | ११ | २०६ |
| विविध | ३ | १११ | १२ | ३ | ५ | १ | ९ | २ | १ | १४७ |
| कुल जम्मा | १३ | १०२९ | ८७७ | ६२२ | ४७५ | ३३५ | ६७४ | १६५ | २२६ | ४४१६ |

## जनचेतना मूलक सन्देश

अपराध न्युनिकरण गर्न व्यवहारमा नम्रता कानुनमा कठोरता भन्ने भावनालाइ आत्मसाथ गरौं ।

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोन: ९७७१४४१२७४८
फ्याक्स: ९७७१४४१२६२

ई-मेल: cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईट: www.cid.nepalpolice.gov.np